**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ सितम्बर २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- गृह मन्त्री अमित शाहले महाराष्ट्रको अहिल्यानगर जिल्लामा सहकारीमा आधारित सीएनजी र स्प्रे ड्रायर पोटास ग्रेन्युल परियोजनाको उद्घाटन गर्नुभयो।

- मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले बिहार विधानसभा चुनावको मिति घोषणा गर्ने सम्बन्धमा चाँडै निर्णय लिइने बताउनुभयो।

- केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयल आजदेखि कतारको दुई दिने भ्रमणमा जानुहुनेछ।

- विदेशमन्त्री डा. एस. जयशंकरले हालैका वर्षहरूमा युद्धको प्रकृति मौलिक रूपमा परिवर्तन भएको बताउनुभएको छ।

- एकदिवशीय महिला क्रिकेट विश्व कपमा भारतले पाकिस्तानलाई ८८ रनले पराजित गर्‍यो।

**महाराष्ट्र - अमित शाह**

गृह मन्त्री अमित शाहले महाराष्ट्रको अहिल्यानगर जिल्लामा रहेको सहकार महर्षि शंकरराव कोल्हे सहकारी चिनी मिलमा भारतको पहिलो सहकारीमा आधारित सीएनजी र स्प्रे ड्रायर पोटास ग्रेन्युल परियोजनाको उद्घाटन गर्नुभयो।यस अवसरमा, श्री शाहले भन्नुभयो-यस चिनी मिलले सीएनजी र पोटास उत्पादन र बजारीकरण गरेर चक्रीय अर्थव्यवस्थाले उदाहरण स्थापित गरेको छ। उहाँले भन्नुभयो-देशभरका १५ सहकारी चिनी मिलहरूमा यस्तै एकाइहरू स्थापना गरिनेछ, जसमा महाराष्ट्रले अग्रणी भूमिका खेल्ने अपेक्षा गरिएको छ।श्री शाहले इथेनॉल परियोजनाहरूलाई विविधीकरण गर्ने र चक्रीय अर्थव्यवस्थालाई प्रवर्द्धन गर्ने आवश्यकतामा जोड दिनुभयो।उहाँले फलफूलको रसबाट इथेनॉल उत्पादनले नयाँ मूल्य स्रोतहरू खोल्न र चिनी मिलहरूको नाफा बढाउन सक्ने सुझाव दिनुभयो।उहाँले भन्नुभयो- केन्द्र सरकारले राष्ट्रिय सहकारी विकास निगम मार्फत १५ सहकारी चिनी मिलहरूलाई आर्थिक सहयोग प्रदान गरेको छ।

**निर्वाचन आयुक्त ज्ञानेश कुमार**

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले आज सबै पक्षलाई ध्यानमा राखेर बिहार विधानसभा चुनावको मिति घोषणा गर्ने सम्बन्धमा चाँडै निर्णय लिइने बताउनुभयो। निर्वाचन आयोगको राज्यको दुई दिने समीक्षा भ्रमणको अन्तिम दिन पटनामा सञ्चारकर्मीसँग कुरा गर्नुहुँदै प्रमुख निर्वाचन आयुक्तले भन्नुभयो- आयोगले राजनीतिक दलहरूसँग छलफल गरेको छ, उनीहरूको विचार सुनेको छ र निर्वाचन तालिकालाई अन्तिम रूप दिंदा सबै पक्षलाई ध्यानमा राख्नेछ।प्रमुख निर्वाचन आयुक्तले २०२५ को बिहार विधानसभा चुनाव मतदाता, राजनीतिक दल र सबै सरोकारवालाहरूका लागि सुखद अनुभव हुने बताउनुभयो| विधानसभा चुनावको ठीक अगाडि बिहारमा स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण चुनाव सुनिश्चित गर्न १७ नयाँ उपायहरू लागू गरिएको छ।उहाँले सबै मतदान केन्द्रहरूमा वेबकास्टिङ लागू गरिने बताउनुभयो।

**VLGC शिवालिक**

केंद्रीय पत्तन, पोत परिवहन एवं जलमार्ग मंत्री श्री सर्वानन्द सोनोवालले आज विशाखापट्टनम बन्दरगाहमा आफ्नो पहिलो भ्रमणमा भारतको दीर्घकालीन ठूलो ग्यास वाहक (VLGC) जहाज "शिवालिक" लाई झण्डा देखाउनुहुनेछ।जहाजले LPG

कार्गोको पहिलो खेप ओर्लन्नेछ। यो महत्त्वपूर्ण अवसरले ऊर्जा यातायात, समुद्री सुरक्षा र विश्वव्यापी प्रतिस्पर्धात्मकतामा भारतको ग्यास रसद क्षमताहरूलाई सुदृढ पार्ने, अन्तर्राष्ट्रिय समुद्री क्षेत्रमा राष्ट्रलाई एक प्रमुख खेलाडीको रूपमा स्थापित गर्ने र ऊर्जा र ढुवानी क्षेत्रमा आत्मनिर्भर भारतको दृष्टिकोणलाई समर्थन गर्ने प्रतीक हो। शिवालिकलाई हालै १० सेप्टेम्बर २०२५ मा भारतीय शिपिंग कर्पोरेशन (SCI) द्वारा भारतीय झण्डामुनि अधिग्रहण र समावेश गरिएको थियो, जुन भारतको समुद्री विकास कथामा एक महत्त्वपूर्ण कोसेढुङ्गा हो। विशाखापट्टनमको आफ्नो भ्रमणको क्रममा, केन्द्रीय मन्त्री सर्वानन्द सोनोवालले एक सार्वजनिक सभामा पनि भाग लिनुहुनेछ जहाँ उहाँले विशाखापट्टनम बन्दरगाह प्राधिकरण (VPA) द्वारा सञ्चालित धेरै विकास परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ।

**गोयल - कतार भ्रमण**

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयल आजदेखि कतारको दुई दिने भ्रमणमा जानुहुनेछ।उहाँले कतारका वाणिज्य तथा उद्योग मन्त्री शेख फैसल बिन थानी बिन फैसल अल थानीसँग दोहामा कतार-भारत व्यापार तथा वाणिज्य संयुक्त आयोगको बैठकको अध्यक्षता गर्नुहुनेछ। वाणिज्य तथा उद्योग मन्त्रालयले श्री गोयलको भ्रमणले कतारसँगको व्यापार तथा लगानी सम्बन्धको महत्त्वलाई जोड दिने बताएको छ।श्री गोयलले कतार चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री र व्यापार संघका प्रतिनिधिहरूसँग भेटघाट गर्नुहुनेछ र भारतीय प्रवासीहरूसँग पनि भेट्नुहुनेछ।श्री गोयलसँगै विभिन्न मन्त्रालयका वरिष्ठ अधिकारीहरू पनि रहनेछन्। वाणिज्य तथा उद्योग मन्त्रालयले बैठकमा दुवै पक्षले द्विपक्षीय व्यापार सम्बन्धको समीक्षा गर्ने र व्यापार अवरोध र गैर-भन्सार मुद्दाहरूलाई सम्बोधन गर्ने बारे विचार गर्ने बताएको छ। व्यापार तथा लगानी बढाउने उपायहरू पनि छलफल गरिनेछ। मन्त्रालयले प्रस्तावित भारत-कतार मुक्त व्यापार सम्झौताको बारेमा पनि छलफल हुन सक्ने बताएको छ।

**मणिपुर - महोत्सव**

मणिपुरमा भोली मेरा हौ चोङ्बा महोत्सव धुमधाम र हर्षोल्लासका साथ मनाइनेछ।महोत्सव अगाडि, मेरा हौ चोङ्बा मुतुम मनिटनको राज्यस्तरीय आयोजक समितिले विभिन्न आदिवासी गाउँका लगभग १३५ गाउँ प्रमुखहरूले महोत्सवमा भाग लिने अपेक्षा गरिएको बताएको छ।

**विदेशमन्त्री डा. एस. जयशंकर**

विदेशमन्त्री डा. एस. जयशंकरले हालैका वर्षहरूमा युद्धको प्रकृति मौलिक रूपमा परिवर्तन भएको बताउनुभएको छ।उहाँले उन्नत हतियार र प्रविधिले आकार लिएको सम्पर्करहित युद्धको नयाँ युगबारे संकेत गर्नुभयो|नयाँ दिल्लीमा कौटिल्य आर्थिक सम्मेलनमा बोल्नुहुँदै डा. जयशंकरले भन्नुभयो- अजरबैजान-आर्मेनियादेखि युक्रेन-रूस र इजरायल-इरानसम्मका द्वन्द्वहरूले गतिरोधक हतियारहरू प्रयोग गरेर गरिएको सम्पर्करहित युद्धलाई प्रतिबिम्बित गर्दछ, जसको अत्यधिक प्रभावशाली र कहिलेकाहीं निर्णायक परिणामहरू हुन सक्छन्।उहाँले भन्नुभयो -यी द्वन्द्वहरूले आजको अशान्त समयको परिदृश्यलाई परिभाषित गर्दछन्।विदेशमन्त्रीले भन्नुभयो- दुर्लभ पृथ्वी तत्वहरू र रणनीतिक स्रोतहरूको लागि प्रतिस्पर्धा आधुनिक विश्वव्यापी प्रतिद्वन्द्विताको एक परिभाषित विशेषता बनेको छ, राजनीति र अर्थशास्त्रको हरेक पक्षलाई जोखिममुक्त गर्न गम्भीर प्रयासहरू गरिँदै छन्। उहाँले व्यापार र प्रविधिदेखि वित्त र आपूर्ति शृङ्खलासम्म सबै कुरालाई हतियार बनाउने बढ्दो प्रवृत्तिलाई पनि प्रकाश पार्नुभयो|

**बाइट**

**तिब्बत**

तिब्बतको सगरमाथाको पूर्वी भिरालोमा रहेको ४,९०० मिटरमाथिको शिविरमा हिउँ आँधीमा फसेका झण्डै १,००० मानिसहरूमध्ये ३५० जनालाई उद्धार गरी कुदाङ शहर पठाइएको सञ्चारमाध्यमले जनाएको छ। केही दिनपछि भारी हिमपात सुरु भएपछि टेन्ट भत्किने र हाइपोथर्मिया हुने घटनाहरू घटे। स्थानीय गाउँलेहरू र उद्धार टोलीहरूले हिउँले अवरुद्ध सडकहरू खाली गर्न काम गरिरहेका छन्।

**बांग्लादेश - डेंगू**

बांग्लादेशमा डेंगूको प्रकोप जारी छ। आइतबार बिहानसम्म २४ घण्टामा थप नौ जनाको मृत्यु भएको छ। यो यस वर्ष एकै दिनमा मृत्यु हुनेको दोस्रो ठूलो संख्या हो |स्वास्थ्य सेवा महानिदेशालय अनुसार, यसको साथ, 2025 सम्म देश भरमा मृत्युहुनेहरुको संख्या 212 भएको छ। सोही अवधिमा डेंगुका एक हजार ४२ नयाँ सङ्क्रमित फेला परेपछि यस वर्ष सङ्क्रमितको सङ्ख्या ४९ हजार ९०७ पुगेको छ |स्वास्थ्य विज्ञहरूका अनुसार यो तथ्यांकले डेंगुको व्यापक प्रसारलाई मात्र दर्साउदैन तर निरंतर रोकथामका लागि तत्काल आवश्यक रहेको पनि देखाउँदछ।

**स्वास्थ्य मन्त्रालय - कफ सिरप**

केन्द्र सरकारले सबै राज्य र केन्द्र शासित प्रदेशहरूलाई कफ सिरपको विवेकपूर्ण प्रयोग सुनिश्चित गर्न निर्देशन दिएको छ। केन्द्र सरकारले भनेको छ -सामान्य खोकीको लागि कुनै छुट्टै औषधिको आवश्यकता पर्दैन र यो आफैं समाधान हुन्छ। दूषित कफ सिरपका कारण केही राज्यहरूमा हालै भएका बालबालिकाको मृत्युलाई ध्यानमा राख्दै, केन्द्र सरकारले औषधि उत्पादकहरूले संशोधित नियमहरूको कडाईका साथ पालना गर्न जोड दिएको छ।

**नौसेना-एन्ड्रोथ**

भारतीय नौसेना आज विशाखापट्टनममा एन्टी-पनडुब्बी वारफेयर (ASW) युद्धपोत "INS एन्ड्रोथ" लाई सञ्चालनमा ल्याउनेछ। यो भारतीय नौसेनाको दोस्रो एन्टी-पनडुब्बी वारफेयर (ASW) युद्धपोत हो।भाइस एडमिरल राजेश पंढरकरले समारोहको अध्यक्षता गर्नुहुनेछ।

**महिला क्रिकेट फाइनल**

एकदिवशीय महिला क्रिकेट विश्व कप मा भारतले पाकिस्तानलाई ८८ रनले पराजित गऱ्यो। कोलम्बोको आर. प्रेमदासा रंगशालामा पहिले ब्याटिङ गर्दै भारतले ५० ओभरमा २४७ रन बनाएको थियो। जवाफमा पाकिस्तान १५९ रनमा अलआउट भयो। भारतका लागि क्रान्ति गौर र दीप्ती शर्माले तीन-तीन विकेट लिए भने स्नेह राणाले दुई विकेट लिइन्।

****** ० ******